# फलफूल, तरकारी तथा नगदेबाली विरुवा नर्सरी/श्रोतकेन्द्र स्थापना सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/२१)

**प्रस्तावनाः** आधुनिक नर्सरीका व्यवस्थापनका विधिहरु अवलम्बन गरी फलफूल, तरकारी तथा नगदेबालीको गुणस्तरीय विरुवा/बेर्ना उत्पादनमा सुधार ल्याउन उच्च प्रविधियुक्त नर्सरी/प्लास्टिक घर/जालिघर/सेड हाउस स्थापना गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्ष**

(क) कार्यक्रम संचालन गर्न कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन।

(ख) सिफारिस गरिएको वीउ/रुटस्टक/माउबोटको सायन प्रयोग गरी सम्बन्धित प्राविधिकको निगरानीमा स्वस्थ विरुवा/बेर्ना उत्पादन गर्नुपर्नेछ।

(ग) ग्रिनहाउस/ग्लास हाउस/प्लास्टिक घर बनाइएको क्षेत्रफल न्यनूनतम २५० वर्ग मिटर हुनु पर्नेछ।

(घ) ग्रिनहाउस, पोलिटनेल, हार्डनिङ्ग च्याम्बर भित्र पारदर्शी वस्तुले ढाकेको र घर भित्र न्यूनतम आंशिक रुपमै नियन्त्रित वातावरण अनुकुल भएको डवल डोर सिस्टम हुनु पर्नेछ।

(ङ) नर्सरी घरमा न्युनतम २,००० बहुवर्षे फलफुल बिरुवा वार्षिक रुपमा उत्पादन हुनु पर्नेछ। सेल ट्रे वा प्लास्टिक ट्रे, पोलिप्याकमा र खुला अवस्था हेरेर न्यूनतम २०,००० मौसमी तरकारी विरुवा/बेर्ना उत्पादन गर्नु पर्नेछ।

(च) नर्सरीधनीले उत्पादित बिरुवा वितरण पूर्व अनुमति पत्र लिनुपर्नेछ र वार्षिक बिक्रीयोग्य उत्पादन तथा बिक्री गरिएको परिमाणको अभिलेख राख्नुपर्नेछ।

(छ) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिस्टिजा भाइरस मुक्त बिरुवा उत्पादन गर्नका लागि 1000 मीटर भन्दा माथिको स्थान हुनुपर्नेछ र स्क्रीनहाउस भित्र नर्सरी स्थापना भएको हुनुपर्नेछ।

२. **आर्थिक पक्षः** स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरु मध्ये कुनै एक वा एक भन्दा बढी कार्यको लागि कुल लागतको बढीमा ५० प्रतिसतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) पक्कि ग्रिनहाउस तथा पोलिटनेल निर्माण, नर्सरी बेन्च तयारी आदि।

(ख) मलखाद व्यवस्थापन, बीउ/सायन/रुटस्टक बीउ खरिद।

(ग) मेसिनरी औजार तथा उपकरण खरिद।

(घ) सिँचाई व्यवस्थापन।

(ङ) नर्सरी पूर्वाधार निर्माण तथा व्यवस्थापनका अन्य कार्यहरु।

३. मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१.** | **पूर्वाधारको अवस्था** | **२०** |
| (क) | सडक, सिँचाई र विद्युतको सुविधा भएको | २० |
| (ख) | चालु आ.व. भित्र सडक, सिँचाई र विद्युतको सुविधा हुनसक्ने | १० |
| **२.** | **भौगोलिक उपयुक्तता** | **२०** |
| (क) | दैनिक कम्तीमा ७ घण्टासम्म सोझै सूर्यको प्रकाश पर्ने उपयुक्त मोहोडा भएको स्थान | २० |
| (ख) | दैनिक ७ घण्टा भन्दा कम मात्र सोझै सूर्यको प्रकाश पर्ने स्थान | १० |
| **३.** | **नर्सरी स्थापना/ हुने क्षेत्रफल** | **२०** |
| (क) | प्लास्टिक घरमा २५० वर्ग मिटर क्षेत्रफल लाई १० अंक प्रदान गर्ने र प्लास्टिक घरमा २५० वर्ग मिटर भन्दा थप क्षेत्रफलका लागि प्रति 1५ वर्ग मिटर १ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने) | २० |
| **४.** | **आवेदकको अनुभव तथा क्षमता** | **१०** |
| (क) | नर्सरी व्यवसाय गरी व्यवहारिक अनुभव प्राप्त गरेको वा कृषि विषय लिई कम्तीमा SEE वा सो सरह अध्ययन गरेको | १० |
| (ख) | व्यवसायसँग सम्बन्धित व्यवहारिक अनुभव नभएको | ५ |
| **५.** | **रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ जना भन्दा बढी | १० |
| (ख) | ३ जना वा सो भन्द कम | ५ |
| **६.** | **अनुदानको अवस्था** | **१०** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.ब.मा सोहि प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | ५ |
| (ग) | पछिल्लो दुई आ.ब.मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको | २ |
| **७.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
|  | **जम्मा** | **१००** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदकको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल नर्सरी गरिरहेको क्षेत्रफल (खुला वा अन्य खुलाउने) | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(घ) कुल रोजगारी सिर्जनाः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

(ङ) संचालन हुने क्रियाकलापहरुः

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) माग गरेको जम्मा अनुदान रकमः

(छ) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(ज) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।